मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

जनकपुरधाम

## आर्थिक वर्ष २०८२/८३ का लागि मधेश प्रदेशबाट स्थानीय तहलाई प्रदान हुने सशर्त अनुदान तर्फ आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

प्रकाशित मितिः २०८२/१२/१९

चालु आर्थिक वर्ष २०८२/०८३ का लागि मधेश प्रदेश सरकारबाट स्थानीय तहमा उपलब्ध हुने सशर्त अनुदान सम्बन्धी आयोजना तथा कार्यक्रम मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१ (संशोधन सहित) बमोजिम देहायको शर्तको अधिनमा रही आयोजना तथा कार्यक्रमको प्रस्ताव रीतपूर्वक पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

१. आयोजना तथा कार्यक्रमको प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र स्थानीय तहले अनुसूची १ बमोजिमको ढाँचामा यस मन्त्रालयको विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा वा सम्बन्धित स्थानीय तहको आधिकारिक इमेलबाट यस मन्त्रालयको इमेल sasartanudan.mof.mp@gmail.com मार्फत् पेश गर्नु पर्नेछ ।

२. स्वीकृत सशर्त अनुदान उपलब्ध हुने रकम प्रत्येक गाउँपालिकाले रु. तीस लाख, नगरपालिकाले रु. चालिस लाख, उपमहानगरपालिकाले रु. पचास लाख र महानगरपालिकाले रु. साठी लाख बजेटको परिधिभित्र रही आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्नु पर्नेछ।

३. आयोजनाको कूल लागत रु. पच्चिस लाखभन्दा कम भएको आयोजना तथा कार्यक्रमको प्रस्ताव स्वीकार गरिने छैन।

४. स्थानीय तहले कार्यविधिको दफा ३ बमोजिमको क्षेत्रभित्रका कृषि क्षेत्रलाई प्रथमिकतामा राखी आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्नु पर्नेछ।

५. आयोजना तथा कार्यक्रमहरुमा कन्टिन्जेन्सी वापत लागतको १ प्रतिशत भन्दा बढी रकम राख्न पाइने छैन।

६. आयोना तथा कार्यक्रमको प्रस्ताव गर्दा स्थानीय तहको आफ्नै स्रोत, समानीकरण अनुदान तथा विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरु र विगतमा सम्पन्न भएका अन्य आयोजना तथ कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

७. आयोजना तथा कर्यक्रम प्रस्ताव गर्ने र स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने अन्य व्यवस्था मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि २०८१ (संशोधन सहित) र प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम हुनेछ ।

.......................

रविन्द्र खनाल

शाखा अधिकृत